PAN No.: 603561852
Govt. Regd. No.: 257715/077/078
Anamnagar, Kathmandu, Nepal
Phone No.: 01-5705159
Email: sagarmathahydropower@gmail.com
URL: www.sagarmathajbc.com.np

Sagarmatha
Jalabidhyut Company Ltd.
Supermai-A- Hydro Project 9.6 MW, Illam

प.सं.:- ०८०-८१-०३०

मिति : २०८०/०९/०३

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
युएनआई शान्ती मार्ग, भद्रकाली, काठमाण्डौं ।

**बिषय : जानकारी गराएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको मिति २०८०/०९/०२ गते अपरान्ह ४:०० बजे बसेको सञ्चालक समितिको बैठकले कम्पनीको बार्षिक साधारण सभा मिति २०८०/०९/२५ गते बुधबार (तद्नुसार जनवरी १०, २०२४) अपरान्ह १:०० बजे गर्ने निर्णय भएको र उक्त बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१२ गते बिहिबार बुक क्लोज मिति तोक्ने निर्णय भएको व्यहोरा जानकारी गराउँदछौं । साथै सो सूचना मिति २०८०/०९/०३ गते को अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

भवदीय,

Sagarmatha Jalabidhyut Company Ltd.
Sagarmatha
ESTD.: 2072
Kathmandu, Nepal

.......................................
संदीप अधिकारी
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ :**

१). विद्युत नियमन आयोग
सानो गौचरण, काठमाडौं ।

२) श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

४) श्री सि.डि.एस.सि. एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाडौं ।

# सगरमाथा जलविद्युत कम्पनी लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ

फोन नं., ०१-५७०५६०८

## तेस्रो बार्षिक साधारण सभा सम्वन्धि सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८०/०९/०२ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**स्थान** : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाडौ ।

**मिति** : २०८०।०९।२५ गते बुधबार (तद्नुसार जनवरी १०, २०२४)

**समय** : अपरान्ह १:०० वजे ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने ।

(६) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना संचालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको प्रबन्ध पत्र, नियमावली संसोधन गर्ने,

(२) सगरमाथा जलविद्युत कम्पनी लिमिटेड र अन्य उपयुक्त जलविद्युत कम्पनी एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने, सो सम्बन्धि प्रारम्भिक र अन्तिम सम्झौता गर्न र गाभ्ने वा गाभिने वा प्राप्ती गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) कम्पनीको साधारण सभामा पेश गर्न विद्युत नियमन आयोगबाट प्रस्ताव स्विकृत भए बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,१२,००,००,०००/- को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने ।

(४) प्रस्तावित संसोधन तथा धितोपत्र दर्ता तथा निश्कासन सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेर बदल वा सुझाव वा निर्देशन प्राप्त भएमा सोलाई सम्बोधनका लागि आवश्यक संसोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

(५) अन्य कम्पनीमा लगानी गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**साधारण सभा सम्बन्धी अन्य थप जानकारी :**

१. बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१२ गते विहिबार (एक दिन) का दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ । साथै मिति २०८०/०९/११ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवार भई प्रचलित कानुन बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार प्रभु क्यापिटल लि., काठमाण्डौंमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको बार्षिक साधारण सभामा भाग लिन, छलफल गर्न, मतदान गर्न पाउनेछन् ।

२. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान १२:३० वजे देखि खुल्ला रहनेछ ।

३. बार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

४. बार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. संचालक निर्वाचन सम्बन्धि कार्यक्रम कम्पनीको सूचना पाटीमा टाँस गरिनेछ ।

७. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव